**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०१।१६ गतेको बैठकका निर्णयहरु:**

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०१।१६ गतेको बैठकका निर्णयहरु:**

१. अघिल्लो कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको समिक्षा गरी आगामी दिनहरुमा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो स्थानबाट भूमिका खेल्ने निर्णय गरियो ।

२. शुद्धोदन गाउँपालिकाको छात्रवृत्ति वितरण तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

३. शुद्धोदन गाउँपालिका र गैडहवा गाउँपालिका विच नदीजन्य पदार्थको उत्खनन् सम्वन्धमा भएको विवाद समाधान गर्न गठन भएको प्राविधिक समितिले पेश गरेको प्रतिवेदन स्वीकार गरी अपनत्व लिई कार्यान्वयन गर्न सबैले सहयोग र समन्वय गर्ने निर्णय गरियो ।

४. आगामी आ.व. २०८२/८३ का लागि शुद्धोदन गाउँपालिकाले मिति २०८२।१२।१५ गते विद्युतीय माध्यमबाट सुचना आय सम्बन्धी ठेक्का आव्हान गरिएकोमा गाउँपालिकाको मूल्याङ्कन समितिको मिति २०८३।०१।१६ गतेको निर्णय अनुसार सिफारिस भएका शुद्धोदन गाउँपालिकाका विभिन्न स्थानबाट नदिजन्य पदार्थ उत्खनन् गर्न गरेको आय सम्वन्धि ठेक्काहरुको तपसिल अनुसारका प्रस्तावकहरुलाई तपसिलल अनुसारको रकममा नदीजन्य पदार्थ उपलव्ध गराउन आय सम्बन्धि ठेक्का स्वकृत गर्न आशयको सुचना प्रकाशित गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं | ठेक्का नं | नदी र घाटको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर समेत) रु. |
|---|---|---|---|---|
| १ | आय/०९/०८२-०८३ (INCOME/SRM/09/082-083) | दानव नदीको सिकरा घाट वडा नं.१ | आरम्भ ईन्फ्रास्ट्रक्चर्स प्रा.लि. सियारी-२, रुपन्देही | ६२,४७,७९९.९९ |
| २ | आय/१०/०८२-०८३ (INCOME /SRM/10/082-083) | दानव नदीको सिसौघारी र कोलुवा घाट, वडा नं.२ | एस.आर.आर. कन्स्ट्रक्सन एण्ड सप्लायर्स, सैनामैना-४,रुपन्देही | ८४,६५,६११.९६ |
| ३ | आय/११/०८२-०८३ (INCOME /SRM/11/082-083) | दानव नदीको नौडिहवा, गुरौली भैरहवा र बेलवा घाट, वडा नं.६ र १ | एस.आर.आर. कन्स्ट्रक्सन एण्ड सप्लायर्स, सैनामैना-४,रुपन्देही | १,८६,६९,४०४.६१ |
| ४ | आय/१२/०८२-०८३ (INCOME /SRM/12/082-083) | दानव नदीको गुरौली घाट, वडा नं.६ | बस्याल बिन्दबासिनी निर्माण सेवा प्रा.लि. काठमाण्डौ-२८,काठमाण्डौ | ३,४०,२५,५५५.४३ |
| ५ | आय/१६/०८२-०८३ (INCOME /SRM/16/082-083) | तिनाउ नदीको बाँसघारी र सखुवानी घाट, वडा नं.३ | बस्याल बिन्दबासिनी निर्माण सेवा प्रा.लि. काठमाण्डौ-२८,काठमाण्डौ | ३,८८,८४,५५५.४३ |
| ६ | आय/१७/०८२०८३ (INCOME /SRM/17/082-083) | ईड्डुरीया नदीको बेलवा घाट, वडा नं.१ | बस्याल बिन्दबासिनी निर्माण सेवा प्रा.लि. काठमाण्डौ-२८,काठमाण्डौ | ५,३२,३५,५५५.४३ |

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०१।१६ गतेको बैठकका निर्णयहरुः**

५. शुद्धोदन गाउँपालिका वडा नं. ४ मा गोपाल श्रेष्ठको घर देखि पूर्व कुटी तर्फ जाने बाटो स्तरउन्नतीको लागि विनियोजन भएको रु. ५० हजार रकमबाट तागत अनुमान तयार गर्दा रु. १ लाख ७ हजार लागत लाग्ने देखिएकोले गाउँपालिकाको वार्षिक विकास कार्यक्रको पेज नं. १३८ को क्र.सं. ९२ लागत साझेदारीका लागि आवश्यक रकमबाट भुक्तानी दिने गरी रु. ५७ हजार रकम विनियोजन गर्ने निर्णय गरियो ।

६. शुद्धोदन गाउँपालिका वडा नं. ४ मा विपद् व्यवस्थापको लागि विनियोजन भएको रु. २ लाख ७० हजार रकमबाट रु. १ लाख १० हजार व्यवस्था वडा समितिको निर्णबाट गरिएकोमा वडा नं. ४ को हाटवजार टोलका विभिन्न कच्चि सडकहरु मर्मतको लागि लागत अनुमान तयार गर्दा रु. २ लाख २० लाग्ने देखिएकोले रु. १ लाख १० हजार रकम गाउँपालिकाको वार्षि विकास कार्यक्रको पेज नं. १३८ को क्र.सं. ९२ लागत साझेदारीका लागि आवश्यक रकमबाट भुक्तानी दिने गरी विनियोजन गर्ने निर्णय गरियो ।